APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# पञ्चतत्त्वको पालाम कवितासङ्ग्रहमा पर्यावरण र आदिवासी सहअस्तित्व

**डा. जीवन श्रेष्ठ**
उपप्राध्यापक
पाटन संयुक्त क्याम्पस
jistha@gmail.com
https://orcid.org/0009-0002-3051-8022

Received: Feb 20, 2025 Revised: May 16, 2025 Accepted: May 25, 2025

**लेखसार**

कवि मनप्रसाद सुब्बाको ‘पञ्चतत्त्वको पालाम’ कवितासङ्ग्रहका आधारमा पर्यावरणीय सङ्कट र आदिवासी अस्तित्वको अन्तर्सम्बन्धलाई विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यस कवितासङ्ग्रहमा आकाश, वायु, अग्नि, जल र पृथ्वी जस्ता प्रकृतिजन्य पञ्चतत्त्वका आधारमा विषय-विभाजन गरी किरात-आदिवासी मिथक, संस्कृति र प्रकृतिसँगको सम्बन्ध उजागर गरिएको छ। आदिवासी प्रकृतिपूजक जाति भएकाले उनीहरूका ज्ञान, संस्कृति र व्यवहार पर्यावरणअनुकूल हुने गर्दछन् । त्यसैले पर्यावरणीय सङ्कटसँग उनीहरूको सांस्कृतिक अस्तित्व अन्तर्सम्बन्धित हुन्छ। यस कुराको काव्यात्मक अभिव्यक्ति यस कृतिमा पनि पाइन्छ। त्यसैले ‘पञ्चतत्त्वको पालाम’ कवितासङ्ग्रहमा पर्यावरणीय सङ्कट र आदिवासी अस्तित्वको मुद्दालाई कसरी प्रस्तुत गरिएको छ भन्ने समस्याको समाधानमा केन्द्रित भएर यो शोधकार्य गरिएको छ । यस समस्याको समाधानका लागि पर्यासमालोचना र आदिवासी अध्ययनको सिद्धान्तलाई आधार बनाएर आदिवासी ज्ञान, संस्कृति र अभ्यासको सम्मान, पश्चिमी आधुनिकताको आलोचना, पर्यावरणीय विनाशप्रति चिन्ता, उत्तरउपनिवेशवादी दृष्टिकोण, मिथकको पुनर्लेखन, भूमि-अस्तित्वको सम्बन्ध, अधिकार र वातावरणीय न्याय जस्ता छ वटा प्रमुख विषयको पाठविश्लेषणात्मक अध्ययन गरिएको छ । त्यसका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय कार्य र इन्टरनेटबाट गरिएको छ भने तथ्यहरूको खोजी विश्लेष्य कवितासङ्ग्रहको गहन पठनबाट गरिएको छ। यसरी गरिएको शोधकार्यका आधारमा यस कवितासङ्ग्रहमा स्थानीय आदिवासी विषय, विम्ब र प्रतीकका माध्यमबाट उनीहरूको जीवनको सांस्कृतिक सङ्कट, प्रकृतिको असन्तुलन र वातावरणीय समस्यालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ। नेपाली साहित्यमा पर्यावरण र आदिवासी चेतनाको समुचित अन्तर्सम्बन्धमा केन्द्रित गहन अध्ययन हुन नसकेको अवस्थामा यो कृति र अध्ययन विशेष महत्त्वपूर्ण रहेको छ। यस अध्ययनले आदिवासी सङ्कटको स्थानीय अनुभवलाई समकालीन साहित्यिक विमर्शमा स्थापित गराउने प्रयाससहित वातावरणीय तथा सांस्कृतिक विषयमा संयुक्त विमर्श सम्भव रहेको देखाएको छ ।

*शब्दकुञ्जी : आदिवासी अधिकार, किरात संस्कृति, पारिस्थितिकीवाद, वातावरणीय न्याय, सांस्कृतिक मूल्य ।*

## विषयपरिचय

*पञ्चतत्त्वको पालाम* (२०८१) कवि मनप्रसाद सुब्बा (सन् १९५२) कृत पछिल्लो कवितासङ्ग्रह हो । करिब एकदर्जन कवितासङ्ग्रह प्रकाशनको सङ्घारमा रहेका कवि सुब्बाको यस कवितासङ्ग्रह पर्यावरणीय समस्या र आदिवासी सांस्कृतिक सङ्कटलाई एकैसाथ अभिव्यक्त गरिएको महत्त्वपूर्ण कृति हो । सृष्टिजगत्का आकाश, वायु, अग्नि, जल र पृथ्वी गरी पाँचवटा तत्त्वमा विषय-विभाजन गरी लेखिएका यस सङ्ग्रहका कवितामा आदिवासी किरात जातिको मिथक र सांस्कृतिक मूल्यलाई प्रकृतिजगत्सँग अन्तर्सम्बन्धित गराइएको छ । 'पालाम' भनेको लिम्बू संस्कृतिमा खास गरी धाननाचका क्रममा भनिने मौलिक गीत हो । त्यसैले यसको शीर्षकमा नै 'पञ्चतत्त्वको पालाम' भनी किराती संस्कृतिक सन्दर्भ र प्रकृति-तत्त्वको सहअस्तित्वलाई सङ्केत गरिएको छ । त्यसैले यो कृति आदिवासी सांस्कृतिक अध्ययन र पर्यावरणीय चेतनाका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

पर्यावरणीय समालोचना र आदिवासी अध्ययन दुवै बिसौँ शताब्दीको अन्त्यतिर विकसित समालोचनात्मक अवधारणा हुन् । पर्यावरणीय समालोचनाले साहित्यका माध्यमबाट मानव जीवन र प्रकृतिबिचको सम्बन्धको खोजी गर्दै मानवीय क्रियाकलाप, वातावरण विनाश र यसका कारण उत्पन्न समस्यालाई उजागर गर्दछ । त्यसै गरी आदिवासी अध्ययनले आदिवासी समुदायका इतिहास, संस्कृति, राजनीति, समसामयिक विषय, अनुभव र अनुभूतिको खोजी गर्दै उपनिवेशीकरणका कारण निम्तिएको सांस्कृतिक समस्याको खोजी गर्दछ । यस किसिमको भिन्न चरित्रयुक्त दुई वटा समालोचनाका साझा विशेषतामा आधारित समालोचना पद्धति आदिवासी-पर्यासमालोचना हो । नेपालीमा यसरी आदिवासी संस्कृति र पर्यावरणीय चिन्तालाई जोडेर अध्ययन गर्ने परम्परा त्यति समृद्ध छैन । नेपालीका एकथरि समालोचना पर्यावरणीय दृष्टिमा मात्र आधारित छ भने अर्काथरि आदिवासी जनजातिको सांस्कृतिक अध्ययनमा केन्द्रित छ । यीमध्ये देवकुमार सुनुवार (२०७१) ले जलवायु परिवर्तन र आदिवासी जनजातिका सामाजिक-सांस्कृतिक समस्या उजागर गरेका छन् साहित्यका सन्दर्भमा चर्चा गरेका छैनन् । गीता थपलिया त्रिपाठी (सन् २०१७) ले 'नेपाली कवितामा प्रयुक्त पर्यावरणीय सङ्कट र विस्थापनाको समस्या' शीर्षकको लेखमा वातावरणीय समस्या र तिनका कारण विस्थापित समुदायको अध्ययन गरेकी छन् । यसमा आदिवासी समुदायको विस्थापनाको विषयलाई प्रतिनिधि नेपाली कविताका सन्दर्भमा सङ्क्षिप्त चर्चा गरेकी छन् । त्यसै गरी *पञ्चतत्त्वको पालाम* कवितासङ्ग्रहका सन्दर्भमा पनि केही विद्वान्हरूले चर्चा गरेका छन् । शरद प्रधान (२०८१) ले यस दार्जिलिङका कविहरूका सन्दर्भमा यस कृतिको सामान्य चर्चा गरेका छन् भने महेश पौड्याल (२०८१) ले यसमा प्रकृतिको शास्वत मूल्य र मानवीय संवेदनाको संयोजन रहेको उल्लेख गरेका छन् तर यसमा रहेको आदिवासी अस्तित्व र पर्यावरणीय सचेतनाका विषयमा गहन अध्ययन भएको छैन । यसरी प्रस्तुत कवितासङ्ग्रह र नेपाली समालोचनामा नै आदिवासी संस्कृतिसँग पर्यावरणलाई जोडेर अध्ययन नभएको सन्दर्भमा *पञ्चतत्त्वको पालाम* कवितासङ्ग्रहमा पर्यावरणीय सङ्कट र आदिवासी अस्तित्वलाई कसरी प्रस्तुत गरिएको छ भन्ने मूल समस्याको समाधान गर्ने उद्देश्यले यो शोधलेख तयार पारिएको छ ।

## शोधविधि

प्रस्तुत अध्ययनमा *पञ्चतत्त्वको पालाम* कवितासङ्ग्रहको विश्लेषणका माध्यमबाट पर्यावरणीय सङ्कट र आदिवासी अस्तित्वको खोजी गरिएको छ । यसका लागि पर्यावरणीय समालोचना र आदिवासी अध्ययनलाई सैद्धान्तिक आधार बनाइएको छ भने पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह शोध्य ग्रन्थ रहेको छ । त्यसैले यसमा प्रस्तुत शोध्यग्रन्थ प्राथमिक सामग्री र यस ग्रन्थ एवम् विश्लेष्य सिद्धान्तसम्बद्ध लेखरचना, कृति आदि द्वितीयक सामग्री हुन् । तिनको सङ्कलन पुस्तकालयीय कार्य र इन्टरनेटका माध्यमबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिने प्रायोगिक कार्यका लागि आवश्यक तथ्यसामग्रीको सङ्कलन शोध्यग्रन्थको पठनबाट गरिएको छ । यो पाठविश्लेषणमा आधारित अध्ययन हो । यसमा पाठबाट आवश्यक तथ्य सङ्कलन गरी तिनको विश्लेषणबाट समाधान निकालिएको छ ।

## पर्यावरण र आदिवासी चेतनाको अवधारणा

साहित्य-समालोचनामा पर्यावरणीय चेतनाको सन्दर्भ बिसौँ शताब्दीको उत्तरार्धमा विकसित भएको हो । विशेष गरी सन् १९९० दशकमा पर्यावरणीय विनाशको चिन्ता र मानव-मानवेतर संसारबिचको सम्बन्धलाई अध्ययन गर्ने आवश्यकताबाट पर्यावरणीय साहित्य समालोचनाको विकास भएको हो । यसै पर्यावरणीय साहित्य समालोचनालाई सङ्क्षिप्त रूपमा पर्यासमालोचना संज्ञा दिइएको छ । यस सिद्धान्तका अग्रणी ग्लटफेल्टीले पर्यासमालोचनालाई साहित्यका माध्यमबाट मानवजीवन र प्रकृतिबिचको सम्बन्धबारेको अध्ययन हो भन्ने विचार प्रस्तुत गरेका छन् (ग्लटफेल्टी, सन् १९९६, पृ. XVII- XVIII) । एक्कासौँ शताब्दीको सुरुवातसँगै पर्यावरणीय अध्ययनको आयाम फराकिलो बन्दै गएको छ । त्यसैले लरेन्स ब्युअलले यसलाई क्रमशः विकसित विविधतापूर्ण अभियान भनेका छन् (ब्युअल, सन् १९९५, पृ.१) । यसले साहित्यिक रचनामा प्रकृति विषयको मात्र अध्ययन नगरेर सामाजिक व्यवहार, सांस्कृतिक परम्परा, मान्छे र प्रकृतिबिचको सम्बन्ध आदिबारे पनि अध्ययन गर्दछ । पूर्ववर्ती मानव-केन्द्रित समालोचनाका विपरीत प्रकृति-केन्द्रित दृष्टिकोणको विकास गर्नु यस समालोचनाको मुख्य उपादेयता हो ।

पर्यासमालोचनाको एउटा आयामका रूपमा सन् १९७३ मा नर्वेली दार्शनिक आर्ने नेसलगायतका चिन्तकहरूले ‘गहन पारिस्थितिकीवाद’ (डिप इकोलोजी) को अवधारणा पनि अघि सारेका छन् । उनीहरूले सबै जीवजन्तु तथा प्राकृतिक तत्त्वहरूको आफ्नै अन्तर्निहित मूल्य हुन्छ, यसलाई मानव प्रयोगका लागि मात्र सीमित हुनुहुँदैन भन्ने धारणा व्यक्त गरेका छन् (नेस र सेसन्स, सन् १९८६, पृ. १९३) । उर्सला के हेइसेका विचारमा पनि प्रकृतिका हरेक वस्तुको आफ्नै मूल्य हुन्छ, त्यसैले प्रकृति र मानव समुदायको समान अधिकार हुनुपर्दछ (हेइसे, सन् २००६, पृ. ५०७) । सन् २००० को दशकमा थप बिस्तार भएको यस वादले विश्वव्यापी वातावरणवाद र वातावरणीय न्यायको थप जटिलताको अध्ययनलाई पनि आफ्नो विषय बनाएको छ ।

पछिल्लो समय पर्यासमालोचना साहित्यिक र सांस्कृतिक अध्ययनका रूपमा विकसित हुँदै गएको छ । जात, वर्ग, लिङ्ग, आदिवासी जीवन, औद्योगिकीकरण, सहरीकरण जस्ता सामाजिक, सांस्कृतिक एवम् आर्थिक विषयलाई पनि वातावरणीय समस्यासँग सम्बद्ध गरेर यसका अनेक शाखाको विकास भएका छन् । यसअन्तर्गत प्रकृति र ग्रामीण जीवनलाई आदर्श मानेर सहरलाई नकारात्मक रूपमा चित्रण गर्ने ‘ग्रामीण पर्यासमालोचना, सहरीकरणसँग प्रकृतिको सम्बन्धको अध्ययन गर्ने ‘सहरी पर्यासमालोचना,’

संस्कृति एवम् प्रकृतिबिचको अध्ययन गर्ने 'सांस्कृतिक पर्यासमालोचना,' उत्तरउपनिवेशपछिको समाज र वातावरणसँगको सम्बन्धको अध्ययन गर्ने 'उत्तरउपनिवेशवादी पर्यासमालोचना,' प्रकृति र नारीलाई समान दृष्टिले हेर्ने 'पर्यानारीवाद,' प्रकृतिको जटिल एवम् नकारात्मक पक्षको अध्ययन गर्ने 'अँध्यारो पर्यासमालोचना' आदि अनेक आयाममा विस्तार भएको छ । यसै क्रममा आदिवासी जनजातिको सांस्कृतिक अध्ययनमा पनि पर्यासमालोचनाको अवधारणालाई अवलम्बन गरिएको छ । यसले मुख्यत: आदिबासी जनजाति र तिनका भूमि एवम् संस्कृति र प्रकृतिबिचको अन्तरसम्बन्धको अध्ययनमा जोड दिन्छ ।

आदिवासी जीवनका ज्ञान, परम्परा र संस्कृतिको सम्बन्ध प्रकृतिसँग अत्यन्त नजिक रहेको छ । उनीहरूको परम्परागत पर्यावरणीय ज्ञानले प्राकृतिक सन्तुलन र दिगोपनलाई कायम राख्न महत्त्वपूर्ण योगदान दिन सक्छ । साथै पर्यावरणीय समस्यासँग आदिवासी जीवनको अस्तित्व पनि गाँसिएको हुन्छ । यसै सन्दर्भमा आदिवासी संस्कृतिको सङ्कटग्रस्त अवस्थालाई प्रकृति विनाशसँग पनि जोडेर उनीहरूको आवाजलाई मुखरित गर्ने नवीन शाखाका रूपमा आदिवासी-पर्यासमालोचनाको विकास भएको छ । यसको आरम्भ गर्ने कार्यमा जोनी एडम्सन र साल्मा मोनानीलाई महत्त्वपूर्ण व्यक्तित्व मानिन्छ । एडम्सनले *अमेरिकन इन्डियन लिटरेचर, इन्भाइरोमेन्टल जस्टिक र इकोक्रिटिसिज्म* (सन् २००१) शीर्षकको कृतिमा अमेरिकी आदिवासी साहित्यलाई पर्यावरणीय न्यायका दृष्टिले विश्लेषण गरेकी छन् । मोनानीसँग मिलेर प्रकाशित सङ्कलित कृति *इकोक्रिटिसिज्म एन्ड इन्डिजिनियस स्टडिज : कन्भरसेसन फ्रम अर्थ टु कसमस* (सन् २०१६) ले अन्तरजातीय एवम् विश्वव्यापी आदिवासी दृष्टिकोणलाई पर्यासमालोचनासँग जोड्ने काम गरेको छ । यसले आदिवासी-पर्यासमालोचनालाई नयाँ दिशामा अघि बढाएको छ । त्यस्तै रोबिन वाल किमेररले आदिवासीका परम्परागत पर्यावरणीय ज्ञान र पश्चिमी विज्ञानलाई समन्वय गरी अध्ययन गरेका छन् । विनोना लाडुक र जेराल्ड विजेनर जस्ता आदिवासी लेखक र अभियन्ताहरूले पनि पर्यावरणीय विषयमा आदिवासी विचारधारालाई अगाडि ल्याउन ठुलो भूमिका खेलेका छन् । संयुक्त राष्ट्र सङ्घको आदिवासी जनजातिहरूको हकसम्बन्धी घोषणा (UNDRIP) सन् २००७ ले पनि पर्यावरणीय दिगोपनका लागि आदिवासी ज्ञान र संस्कृतिको सम्मानमा जोड दिएको छ । यसअनुसार आदिवासी ज्ञान, संस्कृति र परम्परागत अभ्यासको सम्मानले दिगो तथा समतामूलक विकास र वातावरणको उचित व्यवस्थापनमा योगदान पुर्याउँछ (UNDRIP, पृ. ४) । यस किसिमका व्यक्तिगत एवम् संस्थागत प्रयासका परिणामस्वरूप आदिवासी-पर्यासमालोचनाले मूर्त रूप लिएको देखिन्छ ।

बिसौँ शताब्दीको उत्तरार्धमा आदिवासी-जनजाति अध्ययनको व्यापक विस्तारसँगै उनीहरूको ज्ञान र संस्कृतिमा आधारित पर्यावरणीय अध्ययनको पनि विकास हुन थाल्यो । क्रममा आदिवासी पर्यासमालोचनालाई 'आदिवासी अमेरिकी पर्यासमालोचना,' 'प्रथम राष्ट्र पर्यासमालोचना,' आदिवासी वातावरणीय मानविकी' आदि अनेक संज्ञामा यसलाई विकसित गर्दै लगिएको पाइन्छ । जुनसुकै नाम दिइए पनि सारमा यी सबै अध्ययनले आदिवासी सांस्कृतिक अभ्यास र पर्यावरणीय मुद्दालाई जोडेर अध्ययन गरेका छन् । यस क्रममा माथि चर्चा गरिएका कृतिका अतिरिक्त केही मुख्य कार्यहरू यस प्रकार छन् : रोबिन वाल किमेररको *Braiding Sweetgrass: Indigenous Wisdom, Scientific Knowledge, and the Teachings of Plants* (2013), भाइन डेलोरिया जुनियरको *Red Earth, White Lies: Native Americans and the Myth of Scientific Fact* (1995), जेस विभरको *Defending Mother Earth: Native American Perspectives on Environmental Justice* (1996), सेपर्ड क्रेच तृतीयको *Ecological*

*Indian: Myth and History* (1999), जोय पोर्टरको *Native American Environmentalism* (2014), डिना गिलिओ ह्वाइटेकरको *As Long as Grass Grows: The Indigenous Fight for Environmental Justice, from Colonization to Standing Rock* (2019) आदि । यी कृतिहरूले आदिवासी-पर्यासमालोचनाको अध्ययन पद्धतिको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

आदिवासी अध्ययन र पर्यासमालोचनालाई जोडेर साहित्य समालोचना गर्ने सन्दर्भमा एन्ने हेइथको ***Indigeneity, Ecocriticism, and Critical Literacy*** (2022) कृति महत्त्वपूर्ण रहेको छ । उनले विश्वका तीन फरक महादेशका आदिवासी लेखकका साहित्यिक रचनालाई विश्लेषण गर्दै साहित्य समालोचनामा आदिवासी चिन्तन र पर्यावरणीय समालोचनालाई अन्तर्सम्बन्धित गराएका छन् । यसमा उपनिवेशवादी इतिहासपछि आदिवासीहरूले आफ्नो सङ्कटलाई कलासाहित्य र सांस्कृतिक सक्रियतामार्फत भरपाई गर्न खोजेको सार निकालिएको छ । उनका विचारमा आदिवासी पर्यावरणीय ज्ञान र चेतना कविता, कथा, उपन्यास र निबन्ध जस्ता विभिन्न साहित्यिक विधाहरूमा अभिव्यक्त हुन्छ (हेइथ, सन् २०२२, पृ. १०) । त्यस्तै उपनिवेशवादबाटको विमुक्ति र परम्परागत ज्ञानलाई पुनर्जीवित गर्ने प्रयासलाई साहित्यले सशक्त बनाउने, आदिवासी चेतनामा भूमिसँगको सम्बन्ध, पहिचान र आस्थाको नैतिकता जस्ता विषय महत्त्वपूर्ण हुने विचार पनि प्रस्तुत गरिएको छ । यस कृतिमा विश्लेषण गरिएको आदिवासी-पर्यासमालोचनाका निम्न लिखित बुँदा मुख्य छन् :

- आदिवासी ज्ञान, संस्कृति र अभ्यासको सम्मान
- पश्चिमी आधुनिकता र विकासको आलोचना
- विउपनिवेशीकरण तथा उत्तरउपनिवेशित दृष्टिकोण एवम् प्रतिरोधी चेतना
- पुनर्मिथकीकरण र सांस्कृतिक पुनःस्थापनाको परिकल्पना
- भूमिसँगको सम्बन्ध र अस्तित्व
- आदिवासी अधिकार र वातावरणीय न्याय
- पर्यानारीवादी दृष्टिकोण
- प्रकृतिविरुद्ध संस्कृति भन्ने विचारको विरोध
- बहुलवादी दृष्टिकोण र वैकल्पिक विश्वदृष्टि
- पर्यावरणीय विनाशप्रति चिन्ता
- परम्परागत आदिवासी ज्ञानको महत्त्व

यिनै बुँदामध्ये कवि मनप्रसाद सुब्बाको *पञ्चतत्त्वको पालाम* कवितामा प्रस्तुत पर्यावरणीय चेतना र आदिवासी अस्तित्वप्रतिको चिन्तनमा आधारित आदिवासी ज्ञान, संस्कृति र अभ्यासको सम्मान, पश्चिमी आधुनिकताको आलोचना र पर्यावरणीय विनाशप्रति चिन्ता, उत्तरउपनिवेशवादी दृष्टिकोणको अवलम्बन, पुनर्मिथकीकरण र सांस्कृतिक पुनःस्थापनाको परिकल्पना, भूमिसँगको सम्बन्ध र अस्तित्व, आदिवासी अधिकार र वातावरणीय न्याय गरी छ वटा विषयको विश्लेषण यस शोधलेखमा गरिएको छ ।

## पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह र आदिवासी-पर्यावरणीय सन्दर्भ

*पञ्चतत्त्वको पालाम* कवितासङ्ग्रह मनप्रसाद सुब्बाद्वारा रचित पर्यासाहित्य हो । यसमा सृष्टीजगत्का पाँचवटा तत्त्वलाई मुख्य विषय बनाएर तिनीहरूबिचको असन्तुलनप्रति चिन्ता व्यक्त गरिएको छ । आकाश, वायु, अग्नि, जल र पृथ्वी पञ्चतत्त्वका आधारमा यसका कवितालाई क्रमशः मुख्य पाँचवटा भागमा प्रस्तुत गरिएको छ र उपसंहार शीर्षकको अन्त्य भागमा यिनै पञ्चतत्त्वद्वारा निर्मिति मानवदेह र उसको असीम संचेतनाको चित्रण गरिएको छ । यसमा आकाश र वायु विषयका नौरनौवटा, अग्नि विषयका एघारवटा, जल र पृथ्वी विषयका बाह्रबाह्रवटा र उपसंहारमा एउटा गरी ५४ वटा कविता-सङ्ख्या रहेका छन् । सङ्ख्यात्मक दृष्टिले कविले जल र पृथ्वीविषयक कविता अलि धेरै रचेका छन् । यसले अन्य तत्त्वभन्दा जल र पृथ्वीमाथिको सङ्कट अलि बढ्ता रहेको छ । उनका सबै कविता वातावरणीय असन्तुलनप्रति गम्भीर छन् । "मान्छे र प्रकृतिको सम्बन्धमा अग्घोर असन्तुलन भइरहेको र यसबाट प्राणीजगत्को भविष्य नै अन्योलग्रस्त बनेको आजको 'तातो' युगमा सुब्बाका यी कविता एक प्रकारले वातावरणीय आन्दोलनका शीतल घटक हुन्" (पौड्याल, २०८१, पृष्ठभाग) । त्यसैले उनका कृति पर्यावरणीय चेतनाका दृष्टिले विश्लेष्य रहेका छन् ।

मनप्रसाद सुब्बाकृति *पञ्चतत्त्वको पालाम* कवितासङ्ग्रह आदिवासी जनजाति चेतनाका दृष्टिले पनि महत्त्व छ । निश्चित भूगोलमा बसोबास गर्ने, आफ्नै भाषा बोल्ने, मौलिक संस्कृति, प्रचलन र छुट्टै इतिहास भएको समुदायलाई आदिवासी जनजाति भनिएको छ (आदिवासी जनजाति आयोगको प्रतिवेदन, पृ. ५) । कवि सुब्बा लिम्बू समुदायको आदिवासी जनजाति भएकाले उनका कवितामा "वातावरणजस्तो वैश्विक महत्त्वको कुरालाई स्थानीय विश्वासधारा र बिम्बविधानको बलमा उभ्याइएको छ" (पौड्याल, २०८१, पृष्ठभाग) । आदिवासी सभ्यता, संस्कृति र जीवनसँगको वातावरणीयसम्बन्धलाई कवितात्मक अभिव्यक्तिका माध्यमबाट उजागर गरिएको छ । यसर्थ उनको यस कविताकृति पर्यावरणीय चेतनका साथै आदिवासी संस्कृतिको दृष्टिकोणबाट पनि विश्लेष्य रहेको छ ।

## पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह र आदिवासी ज्ञान, संस्कृति एवम् अभ्यासको सम्मान

वातावरणीय सन्तुलन र आदिवासी ज्ञान र संस्कृतिको अन्तर्सम्बन्ध रहेको हुन्छ । आदिवासी समुदायको जीवनव्यवहार प्रकृतिसँग अत्यन्त सामञ्जस्यपूर्ण रहेको हुँदा दिगो एवम् समावेशी विकास र वातावरणको उचित व्यवस्थापनका लागि आदिवासी संस्कृति र व्यवहारको सम्मान गर्नुपर्छ, आदिवासी सर्जकहरूले कलासाहित्यमार्फत यस विचारलाई अघिबढाएका हुन्छन् (हेइथ, सन् २०२२, पृ. ७-८) । कवि सुब्बाले पनि पर्यावरणीय सन्तुलनका लागि आदिवासी सभ्यता र संस्कृतिको सम्मान गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । आधुनिक मानवले गरेको प्रकृति विनाशको बहसमा किरात जातिको आदिम चेली सियामिजलाई सम्बोधन गर्दै 'ओ आकाश' शीर्षकको कवितामा कवि भन्छन् :

> तिमीहरू छौ साक्षी आदिकालदेखि यो धरतीमा
> होमोसेपिएन्जले नियन्दरथलाई मासेदेखि यता
> अरु केके मासिसक्यो र मासिरहेछ...
> सप्पैको साक्षात साक्षी समयाकश तिमीहरू
> जसलाई तर अदालतमा बोल्न कहिल्यै दिइँदैन ।
> आखिर अदालत हामी होमो सेपिएन्जकै त हो । (सुब्बा, २०८०, पृ. १७)

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

यस कवितांशले आदिवासी ज्ञान, संस्कृति र अभ्यासप्रति गहिरो सम्मान प्रकट गरेको छ । आदिकालदेखि पृथ्वीमा रहेका मौन साक्षीहरू–रूख, नदी, पहाड, जीवजन्तु आदिवासी दृष्टिमा जीवित मात्र होइनन्, तिनीहरू अधिकारसम्पन्न सम्माननीय अस्तित्व हुन् । तर  होमोसेपिएन्स रुपि आधुनिक मानवको आगमनसँगै प्रकृतिका सहयात्रीहरू क्रमश: मासिँदैछन् । आदिवासी सभ्यतामा तिनहरू सबैको अस्तित्वलाई स्वीकार गरिएको थियो । वर्तमान विश्वमा तियामिज जस्ता आदिवासी सभ्यतालाई बेवास्ता गर्दा प्रकृति सङ्कट पर्दै गएको छ । यस्तो अवस्थामा पनि तिनका साक्ष्य अदालतमा सुनुवाइ हुँदैन, किनभने त्यो अदालत स्वयं मानवको बनोट हो । यथार्थमा आदिवासी संस्कृति वातावरणसँगको पारस्परिक सम्बन्ध, प्रकृति र जीवनलाई सम्मान र न्यायका दृष्टिबाट हेर्छ । आधुनिक मानव-केन्द्रित न्यायप्रणालीको सीमालाई उजागर गर्दै, कविले मौन प्रकृतिलाई बोल्न नदिएकोमा प्रश्न गर्छन् र आदिवासी-पर्यासमालोचनाको मूल मर्मअनुसार सबै अस्तित्वको सम्मान र आवाज सुनिनुपर्छ । हेइथले भने जस्तै कवि सुब्बाले पनि यहाँ कविताका माध्यमबाट आदिवासी किराती सभ्यताको सम्मान गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह र पश्चिमी आधुनिकताको आलोचना एवम् पर्यावरणीय विनाशप्रति चिन्ता

पर्यावरणीय सङ्कटको मुख्य कारण पश्चिमी आधुनिकता र विकासलाई मानेर यसको आलोचना गर्नु आदिवासी अध्ययन र पर्यावरणीय समालोचनाको साझा विशेषता हो । हेइथले पनि आदिवासी-पर्यासमालोचनाले पश्चिमी आधुनिकता र विकासलाई सुसंस्कृत मान्ने विचारलाई कृत्रिमता हो भन्दै आधुनिक उपभोक्तवाद र शोषणको आलोचना गरेकी छन् (हेइथ, सन् २०२२, पृ. १८-१९) । विकास र समृद्धिका नाम निर्माण भएका उद्योग कलकारखाना, सहर र विशाल भवनहरूका कारण निम्तिएको वातावरणीय समस्याको उजागर यस कवितासङ्ग्रहमा पनि गरिएको छ । उदाहरणका रूपमा यस सङ्ग्रहको 'मेरो आकाश' कवितामा आदिवासी दृष्टिकोणबाट 'आकाश'लाई आफ्नो मान्दै 'मेरो' भनिएको छ र अन्त्यमा आधुनिकताले यसलाई विनाश गर्दैलगेको अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ :

तर तिमी त
मेरो यो आकाशलाई टुक्रा...टुक्रा च्यातेर
तिम्रो डिपार्टमेन्टल स्टोरको सौदा पोको पार्ने
थैलाहरू पो बनाउन खोजिराखेको छौ त !
हँ ?! (पृ. १३)

यसमा आधुनिकतावादी मानव-केन्द्रित उपभोक्तावादप्रति कडा आलोचना गरिएको छ । "मेरो यो आकाशलाई टुक्रा...टुक्रा च्यातेर तिम्रो डिपार्टमेन्टल स्टोरको सौदा पोको पार्ने थैलाहरू बनाउन खोजिराखेको छौ" भन्ने वाक्यमा कविले आकाश, अर्थात् प्रकृति र यसलाई महसुस गर्ने तरिका एवम् आधुनिक भोगवादी व्यवहारबिचको द्वन्द्वलाई देखाएको छ । आकाशलाई 'च्यातेर' उपभोग्य वस्तु (डिपार्टमेन्टल स्टोरको थैला) बनाउने चाहनाले प्राकृतिक स्रोतहरूको अवमूल्यन, वस्तुकरण र उपभोगका लागि गरिएको शोषणलाई गर्ने आधुनिकवादी कुनियतलाई उदाङ्गो पारेको छ । यसले आर्थिक प्रगतिका नाममा प्रकृति र वातावरणप्रति भएका अवाञ्छित र असंवेदनशील व्यवहारलाई इङ्गित गर्छ । यहाँ प्राकृतिक सौन्दर्य, सांस्कृतिक महत्त्व र जैविक विविधताका ठाउँमा केवल व्यापारिक प्रयोजन, उपभोग र नाफा

मुख्य भएका छन् । कविले यो प्रवृत्तिप्रति प्रश्न गर्दै वातावरणीय अन्याय, मूल्य-हीनताको अनुभूति अनि मानव-प्रकृति सम्बन्धमा आएको खाडलप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् ।

त्यसै गरी वातावरण प्रदूषण र पर्यावरणीय विनाशप्रतिको चिन्तालाई पनि कवि सुब्बाले विभिन्न विम्ब र प्रतीकका माध्यमबाट प्रस्तुत गरेका छन् । उदाहरणका लागि 'छोटा सङ्गीत' शीर्षकको कवितामा खोला र जलप्रदूषणको मुद्दा उठाइएको छ । उनले विगतको स्वच्छ अनि सफा खोला सम्झिँदै "तिर्खा लाग्दा उसैले दिएको पानी घुटघुट पिउँथ्यौँ" भनेर स्मृति-विम्ब सजाएका छन् । तर अहिले यो प्रदूषित बनेको अवस्थाप्रति गहिरो चिन्ता व्यक्त गरिएको छ :

> अचेल तर उसले सबलाई खबरदारी गर्छ
> कि उसको पानी कसैले नपिओस्
> भन्छ ऊ - मान्छेहरूले मलाई मैला बोक्ने वाहन बनाएकाले
> म पूरै मैलिएको छु, रोगिएको छु,
> भिजाउर कहिल्यै गलाउन नसकिने थोकहरूले
> म त अब थला नै पो परिसक्न आँटेको छु । (पृ. ९३)

यस कवितांशमा कविले 'पानी'का माध्यमबाट मान्छेहरूले प्रकृतिलाई दूषित बनाएको र अब थला पर्न लागेको गुनासो पोखिएको छ । यसमा पर्यावरणीय विनाशप्रतिको गहिरो चिन्ता व्यक्त गरिएको छ । परम्परागत रूपमा मानवलाई मात्र बोल्ने विषयका रूपमा स्थान दिने गरिएको छ र प्रकृतिको मौनतालाई महत्त्व दिने गरिएको छैन भन्दै क्रिस्टोफर मेनस (सन् १९९६, पृ. २६) ले रोष प्रकट गरिरहेको सन्दर्भमा यस कवितामा प्रकृतिलाई बोल्न दिइएको छ । मानवीय स्वार्थ र लापरवाहीका कारण स्वच्छ जीवनदायिनी पानी फोहोर र अस्वस्थ बन्न पुगेको कुरा खोला आफैले भनेको छ । यसको मार आदिवासी समुदायमाथि परेको छ । पानी प्रदूषित हुनु, उसले नै अब अरूलाई चेतावनी दिनु र थला पर्न लागिसकेको छु भन्ने भावले वातावरणप्रतिको मानवीय गैरजिम्मेवारी र पारिस्थितिक सङ्कटको त्रासलाई छर्लङ्ग बनाएको छ । उर्सला के हेइसेका विचारमा मानवीय मूल्य जस्तै प्रकृतिका हरेक वस्तुको आफ्नै मूल्य हुन्छ, त्यसैले प्रकृति र मानवको समान अधिकारमा हुनुपर्दछ (हेइसे, सन् २००६, पृ. ५०७) । यसले पर्यावरणीय अधिकारको विषय पनि उठान गरेको छ । यस सन्दर्भमा हेइथले पनि आदिवासी साहित्यमा प्राकृतिक स्रोतहरूको दुरूपयोग, प्रदूषण र वातावरणीय अन्यायका कारण सिर्जित खतरासमेतले आदिवासी समुदायद्वारा अनुभव गरिएको असुरक्षा, पीडा र प्रतिरोध प्रमुख हुने बताएकी छन् (हेइथ, सन् २०२२, पृ. ८) । यसरी कविले वातावरण प्रदूषण र पर्यावरणीय सङ्कटलाई स्वयम् खोलाका माध्यमबाट यथार्थ रूपमा प्रस्तुत गर्दै चेतावनीको स्वर मुखरित गरेका छन् ।

### पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह र उत्तरउपनिवेशवादी दृष्टिकोण

उपनिवेशवादका कारण प्रकृति र आदिवासी समुदाय दुवैको अस्तित्वमाथि सङ्कट उत्पन्न भएको छ भन्दै आदिवासी-पर्यासमालोचनाले उत्तरउपनिवेशवादी दृष्टिकोण अवलम्बन गरेको छ । उपनिवेश एउटा सामान्य राजनीतिक घटनाक्रम मात्र नभएर यसले उपनिवेशित समुदायको संस्कृति र परिचयलाई नै नष्ट गर्ने कार्य गर्दछ (फ्यानो, सन् १९६३, पृ. ५२) । साथसाथै प्रकृति र पर्यावरणीय असन्तुलनमा पनि उपनिवेशवादी व्यवहारको ठुलो हात रहेको छ । आदिवासी-पर्यासमालोचकीय चेतनाले यसको विरोध गर्दछ

र उत्तरउपनिवेशवादी दृष्टिकोण प्रस्तुत गर्दछ। प्रस्तुत कवितासङ्ग्रहमा पनि यस प्रकारको विचार अभिव्यक्त गरिएको पाइन्छ । उदाहरणका रूपमा 'आख्यानको वायु' शीर्षकको यस अंशलाई लिन सकिन्छ :

तर यहाँ त ...ओफ !
यो हलाहल...
यो कोलाहल...
जसले उपनिवेश बनाइराखेको छ मेरो यो पारदर्शी शरीरलाई
कसले उद्धार गर्ने मलाई यो उपनिशेवित हालतबाट
जसको तुवाँलोभित्र तेरा आँखाहरू फुला परिसके !
ओइ मान्छे ! (पृ. ४१)

यस कवितांशले उपनिवेशवाद र आदिवासी पारिस्थितिकीको अन्तर्सम्बन्धलाई प्रतीकात्मक ढङ्गले उजागर गरेको छ । "यो हलाहल... यो कोलाहल... जसले उपनिवेश बनाइराखेको छ मेरो यो पारदर्शी शरीरलाई" भन्ने पङ्क्तिमा प्रकृति (पारदर्शी शरीर)लाई औद्योगिक, सांस्कृतिक वा मानसिक कोलाहलद्वारा कब्जा गरिएको परनिर्भर अर्थात् उपनिवेशीकृत स्थितिमा देखाइएको छ । यहाँको 'हलाहल' र 'कोलाहल' उपनिवेशित शक्तिको विषमता, प्रकृति र मौलिकताको उत्पीडन अनि आदिवासी सुस्पष्ट आवाजलाई उदासीनताले ढाकेको अवस्थाको प्रतीक हुन् । 'कसले उद्धार गर्ने मलाई यो उपनिवेशित हालतबाट' भन्ने प्रश्नमा कविले उद्धारका लागि गरिएको दीर्घ प्रतिक्षा र प्रतिकार दुवै दृष्टिकोण प्रस्तुत गरिएको छ । यो प्रष्ट रूपमा उत्तरउपनिवेवादी साहित्यमा गरिएको शक्तिसङ्घर्ष, दमन, उत्पीडन र प्रतिनिधित्वको अभावप्रतिको प्रतिवाद हो । त्यस्तै "जसको तुवाँलोभित्र तेरा आँखाहरू फुला परिसके" भन्ने पङ्क्तिमा उपनिवेशी परिस्थितिले मानव संवेदना र दृष्टिलाई अप्राकृतिक रूपमा कुहिएको वा निष्क्रिय बनाइसकेको भाव प्रस्तुत गरिएको छ । यसले स्थानीय, मौलिक वा आदिवासी प्रकृतिको विक्षिप्त अवस्थालाई देखाउँछ । यसरी यस कवितांशमा नेपाली उत्तरउपनिवेशवादी विचार, आदिवासी पारिस्थितिक चेतना र शक्ति-सञ्जालबाट भौतिक शरीर र चेतनामा पर्ने असरलाई विषादी र कोलाहलको छायामा शक्तिशाली ढङ्गले चित्रण गरिएको छ ।

### पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह र पुनर्मिथकीकरण एवम् सांस्कृतिक पुनःस्थापनाको परिकल्पना

आदिवासी-पर्यासमालोचनाको अर्को महत्त्वपूर्ण विशेषता आदिवासी मिथकको पुनर्लेखन गरी सांस्कृतिक पुनःस्थापनाको परिकल्पना गर्नु पनि हो । खास गरी उपनिवेशीकरणका कारण उनीहरूको सांस्कृतिक व्यवहार सङ्कटमा परेको र यससँगै पर्यावरणीय सङ्कट पनि निम्तिएको भन्दै आदिवासी संस्कृतिको पुनर्उत्थानका माध्यमबाट पर्यावरणीय सन्तुलन कायम गर्ने परिकल्पना गरिएको हुन्छ। हेइथले यसलाई उपनिवेशबाट पाएको घाउ निको पार्ने उपाय भनी टिप्पणी गरेका छन् । उनले आदिवासी साहित्यमा यसका लागि प्राचीन मिथक र कथालाई पुनः सक्रिय गरेर मानसिक र सांस्कृतिक उपचारको कासिस गरिएको हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् (हेइथ, सन् २०२२, पृ. ५६) । कवि सुब्बाको 'तान बुनेको आकाश' शीर्षकको कवितामा पनि किराती मिथकको पुनर्लेखन गरिएको छ । किराती पुर्खाले '२०६ वटा हड्डी जोडेर जोडेर तान बनाएको र आदिमाताहरूले कपडा बुनेको, चकमक र झुलोले आगो पारेको

आदि मिथकहरूको पुनर्लेखन गरिएको छ । उदाहरणका रूपमा यसै कविताको यस अंशमा मिथकको विनिर्माण र पुनर्लेखनको उल्लेख गरिएको छ :

तिनै विपनाहरूले आज पनि मा...थि हेर्दै
त्यसरी त्यस्तो तानमा बुनेर
यी पहाड-पर्वतमाथि टाँगेको आकाशको कथा
दन्त्यकथा जस्तै सुनाइरहन्छन्
अनि सुन्नेहरूले चाहिँ
घरीघरी त्यो कथाको विनिर्माण गरिरहन्छन् ... (पृ. १०)

यस कवितांशमा आदिवासी मिथक र लोककथाका आउने पहाड-पर्वत, आकाश जस्ता प्राकृतिक तत्त्वहरू रहेका छन् । यसले आदिवासी समुदाय र प्राकृतिक वातावरणबिचको गहिरो सम्बन्धलाई देखाउँछ । 'दन्त्यकथा जस्तै' सुनाइरहने यस्ता कथाहरूले आदिवासीहरूको पर्यावरणीय ज्ञान र सांस्कृतिक परम्परालाई पुनर्जीवित गर्दछन् । त्यस्तै कथा सुन्ने अर्को पुस्ताले त्यसलाई आफ्नै ढङ्गले निर्माण गर्ने क्रम समुदायको सांस्कृतिक स्मृति र पहिचानलाई जोगाउने एवम् नवीकरण गर्ने प्रक्रिया हो । यसरी यस कवितांशमा आदिवासी-पर्यावरणीय दृष्टिकोणबाट हेर्दा प्रकृति र संस्कृतिबिचको अन्तर्सम्बन्ध, मौखिक परम्पराबाट ज्ञानको निरन्तरता र आफ्नो मौलिक संस्कृतिलाई जीवन्त बनाइराख्ने चाहना स्पष्ट हुन्छ ।

### पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह र भूमिसँगको सम्बन्ध एवम् अस्तित्व

आदिवासी-पर्यावरणीय साहित्यिक रचनामा आदिवासीको भूमिसँगको सम्बन्ध र त्यससँगै जीवित उनीहरूको अस्तित्वलाई पनि सचेत रूपमा उठाइएको हुन्छ । यस्ता साहित्यमा उनीहरूको राजनीतिक सङ्घर्षसँगै भूमिसँगको अधिकार र वातावरणीय न्यायको माग पनि प्रस्ट देखिन्छ । यसलाई हेइथले उपविनेशीकरणले ल्याएको विस्थापन र सांस्कृतिक सङ्कटको परिणामस्वरूप विकसित चेतनाका रूपमा व्याख्या गरेकी छन् । उनका विचारमा पुर्ख्यौली भूमिसँगको आत्मीय सम्बन्ध र 'पहिलेदेखि नै यहाँ रहेका हौँ' भन्ने धारणाका कारण यस्तो चेतना विकसित भएको हो (हेइथ, सन् २०२२, पृ. ३१) । *पञ्चतत्त्वको पालाम* कवितासङ्ग्रहमा पनि भूमिसँग आदिवासी अस्तित्वलाई जाड्ने कार्य भएको छ । प्रतिनिधि कविताका रूपमा 'माटोको यौटा कथा'का केही अंशको विश्लेषणबाट आदिवासीहरूको भूमिसँगको सम्बन्ध र अस्तित्वको केलाउन सकिन्छ :

हामीले त हाम्रो माटोमा हाम्रो नाम
हामी आफै लेख्छौँ भनेका मात्र हौँ
तर हतारिँदै आएका हत्कडीहरूले
हाम्रो माटोको हातहरूलाई घिस्सारेर
अँध्यारो सुरुङभित्र घुसारेर हराइदिए
...
माटो र मुटु भन्नु सायद उस्ताउस्तै हुन्
एक-एक अँजुली माटोको यौटा यौटा मुटु
ओ कार्टोग्राफर !

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

तिम्रो मानचित्रको खोरभित्र कहाँ अटाउँछ र यो मुटु ! (पृ. ११४-११५)

माथिको कवितांशमा आदिवासी अस्तित्व र उनीहरूको भूमिसँगको सम्बन्धलाई प्रतीकात्मक एवम् विम्बात्मक शैलीमा प्रस्तुत गरिएको छ । यसमा "हामीले त हाम्रो माटोमा हाम्रो नाम / हामी आफै लेख्छौँ भनेका मात्र हौँ" भन्दै आदिवासी पहिचान र माटोको अन्तर्सम्बन्ध, आफ्नो पहिचान स्थापित गर्ने अधिकार र आत्मानुभूतिलाई सशक्त रूपमा अभिव्यक्त गरिएको छ । यहाँ 'नाम-माटो' सँगै जोडिएर आएको छ, यसले हेइथको विचारअनुरूप पहिचान र भूमिबिचको अविभाज्य सम्बन्ध दर्साउँछ । यसलाई उनले 'आफ्नो भूगोल र समुदायसँग सम्बन्धित नैतिक जिम्मेवारी' (ethics of belonging) भनेकी छन् (हेइथ, सन् २०२२, पृ. ७) । यसरी आदिवासी समुदायको आत्मपहिचान, संस्कृति र अस्तित्व भूमि र स्थानसँग गहिरो रूपमा गाँसिएको हुन्छ ।

त्यसै गरी राज्य, शक्ति वा उपनिवेशवादी प्रक्रियाबाट भूमि खोसिँदा आदिवासी अस्तित्वमा चोट पुग्छ । उपनिवेशीकरणका कारण आदिवासी भूमि जबर्जस्ती हरण हुँदाको पीडालाई कविले यसरी व्यक्त गरेका छन् - "तर हतारिँदै आएका हत्कडीहरूले/हाम्रो माटोको हातहरूलाई घिस्सारेर/अँध्यारो सुरुङभित्र घुसारेर हराइदिए" । यसले आदिवासी साहित्यमा उठाइने उपनिवेशीकरण र विस्थापनको स्वरलाई पुष्टि गर्दछ ।

कवि सुब्बाले आदिवासीका लागि 'माटो'को सम्बन्ध 'मुटु' उस्तै भएको विचार व्यक्त गरेका छन् । जीवन र मुटुको सम्बन्धसँग माटोलाई गाँसेर उनले आदिवासी-अस्तित्व र भूमिको सम्बन्धलाई छर्लङ्ग पारेका छन् : "माटो र मुटु भन्नु सायद उस्ताउस्तै हुन्/एक-एक अँजुली माटोको यौटा यौटा मुटु" । यसमा प्रत्येक 'अँजुली माटो' एउटा 'मुटु' हुनु आदिवासी भाषा र भावनामा भूमिसँगको संवेदनशील सम्बन्ध र जमिन अर्थात प्रकृतिमा आधारित आदिवासी-जीवनको प्रतीक हो । यस्तो संवेदनशील विषयलाई कुनै पनि नक्साभित्र सीमाबद्ध गर्न सकिँदैन । त्यसैले कवि भन्छन् : "ओ कार्टोग्राफर !/तिम्रो मानचित्रको खोरभित्र कहाँ अटाउँछ र यो मुटु !" पश्चिमी ज्ञानप्रणाली र दृष्टिकोणमा जन्मिएको कुनै पनि नक्साकार (कार्टोग्राफर)ले बनाएको नक्सा, कागजी कानुन र उसले सीमाबद्ध गरेको भू-परिभाषाको सीमाभित्र अटाउन असम्भव छ भन्ने कडा प्रतिरोध र संवेदनशीलता दुवै एकैपटक यसमा अभिव्यक्त गरिएको छ । त्यसैले यस कवितामा भूमिसँग आदिवासीको संवेदनशील सम्बन्ध र अस्तित्वप्रतिको चेतना तीव्र रूपमा अभिव्यक्त गरिएको छ ।

### पञ्चतत्त्वको पालाम कवितासङ्ग्रह र आदिवासी अधिकार एवम् वातावरणीय न्याय

आदिवासी-पर्यासामालोचनाले सरोकार राख्ने अर्को विषय आदिवासी अधिकार र वातावरणीय न्याय पनि हो । आदिवासी साहित्यमा आफ्नो अधिकारसँगै पर्यावरणीय सुव्यवस्था पनि कायम राख्ने चाहना व्यक्त गरिएको हुन्छ । हेइथले पनि कलासाहित्य उनीहरूको इतिहास जोगाउने माध्यम मात्र नभएर समग्र न्याय र प्रतिरोधको स्वर पनि हो भन्ने विचार व्यक्त गरेकी छन् (हेइथ, सन् २०२२, पृ. ९) । कवि मनप्रसाद सुब्बाका कवितामा पर्यावरणीय न्याय र आदिवासी अधिकारको विषय उठान गरिएको छ । उनको 'पानीको पीडा' शीर्षकको कवितामा पानी-प्रकृतिलाई आदिवासी रूपक बनाएर एकसाथ आदिवासी अधिकार र वातावरणीय न्यायको आवाज मुखरित गरिएको छ ।

तर मलाई दुःख त यस कुराको छ
कि मेरो पारदर्शितालाई पढेर भिज्नेहरू साह्रै थोरै भए,
कि मेरो पारदर्शिताको पहिरनमा हिँड्नेहरू नगण्य भए ।
...
मजत्तिकै पारदर्शी देखिन खोजेर
मोटो सिसाका भित्ताहरूले कोठाहरू छुट्याएका छन्
तर छ्याङछ्याङ्ती देखिने ती पल्लो कोठाकालाई
न छुन सकिन्छ, न सुन्न नै
तिहीँ छ तर कत्ति टाढा ! चिच्याए पनि नसुन्ने । (पृ. ८३)

यस कवितांशमा मुख्य तीनवटा सन्दर्भका माध्यमबाट आदिवासी र पर्यावरणीय न्यायको कुरा उठाएका छन् । 'पानीको शुद्धता'ले आदिवासीहरूको शुद्धता, सम्बन्ध र पहिचानलाई जनाएको छ, 'पारदर्शी भित्ता'ले सत्ताले सिर्जना गरेको शक्तिविहीन अवस्था र प्रतिनिधित्वको अभावलाई र 'चिच्याए पनि नसुन्ने' विम्बले आदिवासी सङ्घर्षको अवहेलना र आवाजविहीन बनाएको अवस्थालाई जनाएको छ । यीमार्फत आदिवासीहरूको वास्तविक सरल र स्वच्छ व्यवहार पानीजस्तै निर्मल भए पनि अहिले प्रदूषित पानीजस्तै बनाइएको अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । यस्तो अवस्थामा आदिवासी चेतनाले सत्तामा प्रतिनिधित्व नपाएकोमा दुःख व्यक्त गरेका छन् । ग्लटफेल्टीले पर्यासमालोचनाका सन्दर्भमा यसले एउटा गोडा साहित्यिक रचना र अर्को गोडा प्रकृतिमा राखेर पाइला चाल्दछ भन्ने विचार व्यक्त गरेकी छन् (सन् १९९६, पृ. xix) । त्यसैअनुरूप यस कविताको पनि एउटा गोडा आदिवासी अधिकार र अर्को गोडा पर्यावरणीय न्यायमा रहेको छ । यसले साहित्यले पाठकलाई जलवायु परिवर्तन, वनविनाश, र प्रदूषण जस्ता वातावरणीय मुद्दाहरूमा विचार गर्न प्रेरित गर्न सक्छ भन्ने ब्युअल (सन् १९९५, पृ. १३) का विचारलाई पनि पुष्टि गर्दछ । यसरी पानीको शुद्धतालाई पहिचान गर्न नसकेजस्तै आदिवासी संस्कृतिलाई पनि बेवास्ता गरिएकोप्रति यस कविताले रोष प्रकट गर्दै वातावरणीय न्याय र आदिवासी अधिकारका लागि आवाज उठाइएको छ ।

यसरी कवि सुब्बाको प्रस्तुत कवितासङ्ग्रहमा अदिवासी आवाज र पर्यावरणीय समस्यालाई सँगसँगै उठान गरिएको छ । यसमा आदिवासी ज्ञान, संस्कृति र अभ्यासको सम्मान, पश्चिमी आधुनिकताको आलोचना र पर्यावरणीय विनाशप्रति चिन्ता, उत्तरउपनिवेशवादी दृष्टिकोणको अवलम्बन, पुनर्मिथकीकरण र सांस्कृतिक पुनःस्थापनाको परिकल्पना, भूमिसँगको सम्बन्ध र अस्तित्व, आदिवासी अधिकार र वातावरणीय न्याय जस्ता आदिवासी समुदायका सांस्कृतिक अस्तित्व र पर्यावरणीय समस्यासँग सम्बन्धित विषयलाई स्थानीय विम्ब र प्रतीकका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

मनप्रसाद सुब्बाको *पञ्चतत्त्वको पालाम* कवितासङ्ग्रहले नेपाली साहित्यमा आदिवासी चेतना र पर्यावरणीय चिन्तालाई एकसाथ सशक्त रूपमा उठाएको छ । आकाश, वायु, अग्नि, जल, पृथ्वी जस्ता सृष्टिका पञ्चतत्त्वमार्फत आदिवासी संस्कृतिको अनुष्ठान, पुनर्लेखन र अस्तित्व एवम् वातावरणीय प्रदूषण, आधुनिकताको आलोचना, भूमिसँगको सम्बन्ध र सांस्कृतिक सङ्कटलाई प्रतीकात्मक एवम् विम्बात्मक ढङ्गले प्रस्तुत गरिएको छ । आधुनिक मानिसको उपभोक्तावादी व्यवहारले प्राकृतिक स्रोतको विनाश र

आदिवासी अस्तित्वमाथि पुगेको सङ्कटको विरोध गरिएका यस सङ्ग्रहका कविताहरूले प्राकृतिक र सांस्कृतिक विविधताको रक्षा तथा आदिवासी जीवनमूल्यको सम्मानको सन्देश दिएका छन्। साथै आदिवासी समुदायको ज्ञान, संस्कार र अधिकारका साथै विश्वव्यापी वातावरणीय न्याय, पारिस्थितिक सुव्यवस्था, दिगोपन र जैविक विविधताको महत्त्वसमेत सार्थक रूपमा उठाएका छन् । यस्ता विषयलाई नेपाली कविता-परम्परामा आदिवासी-पर्यासमालोचनाको दृष्टिबाट समेट्ने नसकिएको सन्दर्भमा यस कृतिले नवीन सम्भावना र विमर्शको अर्को मार्ग खोलिदिएको छ ।

प्रस्तुत कवितासङ्ग्रहमा किरात जातिको मिथक र पारिस्थितिक चेतनाको संयोजन एवम् आदिवासी जीवन र प्रकृतिसँगको अन्तर्सम्बन्धको काव्यात्मक अभिव्यक्ति पाइन्छ । यसमा उपनिवेशीकरण, उपभोक्तावाद र औद्योगीकरणका कारण उत्पन्न समस्यालाई आदिवासी संस्कृतिको अस्तित्वसँग जोडेर प्रकृति र आदिवासी संस्कृतिबिचको अविभाज्य सम्बन्धलाई उजागर गरिएको छ। साथै उपनिवेशीकरणका कारण आदिवासी समुदायमा उत्पन्न विस्थापन र सांस्कृतिक सङ्कटको भयलाई पनि पर्यावरणीय समस्यासँग जोडेर प्रस्तुत गरिएको छ। आदिवासी समुदायमा रहेका सांस्कृतिक पुनःस्थापनाको चाहनाका साथै प्रतिरोध चेतनाको स्पष्ट अभिव्यक्ति पनि यसमा पाइन्छ । यसका लागि मिथकको पुनर्लेखन, आदिवासीहरूको मौलिक परम्परा, भाषा र व्यवहारको पनि पुनर्लेखन गरिएको छ । उनीहरूको आफ्नो भूमिसँगको आत्मीय सम्बन्ध र भूमिको अस्तित्वमा आफ्नो अस्तित्वको प्रतिच्छाया देख्ने आदिवासी समुदायले उठाएको वातावरणीय न्यायको आवाजलाई पनि यसले उठान गरेको छ। यसका लागि प्रयोग गरिएका स्थानीय बिम्ब, मिथक, लोककथा र किरातसंस्कृतिसम्बद्ध शब्दावलीले यसको विषय र विचारलाई सशक्त बनाएको छ। समग्रमा यस कवितासङ्ग्रहमा कवि सुब्बाले आदिवासी समुदायको सामूहिक अनुभूति, ज्ञान, प्रतिरोध र वातावरणीय न्यायको सशक्त चेतनालाई काव्यरचनामार्फत अभिव्यक्त गरी नेपाली कविताको अध्ययनमा पर्यावरण र आदिवासी विषय-विमर्शको मार्ग निर्देश गरेका छन् ।

## सन्दर्भसामग्री

आदिवासी जनजाति आयोगको चौथो वार्षिक प्रतिवेदन (२०७९-०८०), ललितपुर : आदिवासी जनजाति आयोग ।

उप्रती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

गिरी, अमर (सन् २०२५), 'पर्यावरण, पर्यावरणीय दृष्टिकोण र समालोचना', *वामपन्थ द लेफ्ट.* https://www.bampanththeleft.com/2025/01/09/5224 (जनवरी ९) ।

त्रिपाठी, गीता थपलिया (सन् २०१७), 'नेपाली कवितामा प्रयुक्त पर्यावरणीय सङ्कट र विस्थापनाको समस्या', *Tribhuvan University Journal*, https://www.nepjol.info/index.php/TUJ/article/view/25360, DOI: https://doi.org/10.3126/tuj.v31i1-2.25360.

पौड्याल, महेश (२०८१), 'पृष्ठभाग', *पञ्चतत्त्वको पालाम* (ले. मनप्रसाद सुब्बा), काठमाडौँ : पेज टर्नर प्रा. लि. ।

प्रधान, शरद (२०८१), '*पञ्चतत्त्वको पालाम* नवीन चेतनाको द्योतक', *साहित्यपोस्ट,* https://sahityapost.com/gair-aakhyan/167544.

भट्टराई, गोविन्दराज र हितान, विजय (२०८०), *पर्या साहित्य : सिद्धान्त र सिर्जना,* सम्पूर्ण किताब ।

सुनुवार, देवकुमार (२०७१ फागुन २०), 'जलवायु परिवर्तन र आदिवासी जनजाति', *Indigenous Voice*. https://indigenousvoice.com/news/72.

सुब्बा, मनप्रसाद (२०८१), *पञ्चतत्त्वको पालाम*, काठमामडौँ : पेज टर्नर प्रा. लि. ।

Buell, L. (1995). *The Environmental Imagination: Thoreau, Nature Writing, and the Formation of American Culture*. Harvard University Press.

Fanon, F. (1963). *The Wretched of the Earth* (C. Farrington, Trans.). Grove Press.

Glotfelty, C., & Fromm, H. (Eds.). (1996). *The Ecocriticism Reader: Landmarks in Literary Ecology*. University of Georgia Press.

Heise, Ursula. K. (2006). The Hitchhiker's Guide to Ecocriticism. *PMLA*, *121*(2), 503–516. http://www.jstor.org/stable/25486328.

Heith, A. (2022). *Indigeneity, ecocriticism, and critical literacy*. Umeå University & The Royal Skyttean Society.

Manes, C. (1996). *Nature and silence*. In C. Glotfelty & H. Fromm (Eds.), *The ecocriticism reader: Landmarks in literary ecology* (pp. 15–29). University of Georgia Press.

Næss, A., & Sessions, G. (1986). The basic principles of deep ecology. *The Trumpeter*, *3*(4). Retrieved from trumpeter.athabascau.ca.

The United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP), https://www.un.org/development/desa/indigenouspeoples/wp-content/uploads/sites/19/2018/11/UNDRIP_E_web .pdf, accessed 1 February 2